लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ

# प्रेस बिज्ञप्ति - १६७

# Press Release-167

मिति: २०७३।०४।१६ गते ।

## सहायक रसायन (Precursor Chemical) तथा औषधिजन्य कच्चापदार्थ (Raw Materials) सहित कारोबारीहरू पक्राउ

## Operation PSEUDO ( स्युडो)

लागु औषध नियन्त्रण ब्यूरोद्वारा **Operation PSEUDO** ( स्युडो) अन्तर्गत लामो समय देखिको सुराकी परिचालन, सूचना बिश्लेषण एवं निग्रानी पश्चात ठुलो परिमाणमा औषधिजन्य कच्चापदार्थ (Raw Materials)अबैध सहायक रसायन (Precursor Chemical) सहित निम्न ब्यक्तिहरू पक्राउ परेका छन्।

**निम्न:**

**१. मोहित हलान**

- लागु औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला पर्सा, बिरगन्ज, आदर्शनगर वडा नं.१४ बस्ने बर्ष २८ का मोहित हलानलाई २० के.जि १२५ ग्राम अबैध सहायक रसायन Ephedrine/ Pseudoephedrine सहित जिल्ला बारा, गडीमाई न.पा वडा नं. ७, जितपुरस्थित Arya Pharmalab Pvt. Ltd बाट मिति २०७३।०४।१२ गते १४:४५ बजे पक्राउ गरिएको छ।
- निज मोहित हलानलाई निजले चलाएको बा७च ४२३१ नं. को रातो रंगको कारभित्र चालकको सिटभन्दा पछाडी सिटमा निलो रंगको झोलाभित्र राखिएको अबस्थामा २० के.जि १२५ ग्राम सहायक रसायन (Precursor Chemical) सहित पक्राउ गरीएको हो। उक्त बरामद गरीएको सहायक रसायन मध्य २० के.जि पाउडर स्वरुपमा तथा १२५ ग्राम ट्याब्लेट स्वरुपमा फेला परेको हो।
- मोहित हलान जिल्ला जि. बारा, गडीमाई न.पा वडा नं. ७, जितपुरमा रहेको Arya Pharmalab Pvt. Ltd का संचालक शंकर हलनका सहोदर छोरा हुन्। निज मोहित मार्केटिङ डाईरेक्टरको रुपमा उक्त Arya Pharma lab मा कार्यरत रहेको बुझिएको छ।
- प्रारम्भिक सोधपुछ पश्चात निजलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान तथा कार्बाहीको लागि बरामद गरीएको २० के.जि १२५ ग्राम अबैध सहायक रसायन Ephedrine/ Pseudoephedrine सहित ईप्रका सिमरा बुझाईएको छ।

## २. दिलिप पण्डित

- भारत, रामगढवा रक्सौल घर भई हाल का.जि.का.म.न.पा वडा न.३३ कमलपोखरी बस्ने Arya Pharma lab pvt ltd को कार्यालयमा कार्यरत वर्ष ३५ को दिलिप पण्डितलाई बिशेष सुराकको आधारमा मिति २०७३।०४।१२ गते दिउसो १४:३० बजेको समयमा का.जि.का.म.न.पा वडा न.३३ कमलपोखरीस्थित सार्वजनिक सडक किनारबाट पक्राउ गरी अनुसन्धान तथा सोधपुछ गर्दा निजले जिल्ला ललितपुर ललितपुर उप-महानगरपालिका वडा न.६ पाटन औधोगिक क्षेत्रस्थित संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लिको गोदाम कोठामा औषधिजन्य पदार्थहरु राखेको छु भनि खुलाएकोले निजलाई समेत साथमा लिई उक्त ईण्डस्ट्रिजको गोदाममा कानुन बमोजिम खानतलासी गर्दा गोदामबाट ३९ कागजको कार्टुनमा रहेको ९५२ वटा डिब्बा भित्र एकै आकारमा रहेको एकै प्रकारको सेतो ट्याबलेट स्वरुपमा रहेको ४७१ किलो ८८ ग्राम औषधिजन्य कच्चा पदार्थ फेला परेको छ।
- उक्त सेता ट्याबलेटहरु रहेको डिब्बाहरुको बाहिर कम्पनिको नाम, औषधिको नाम, उत्पादन मिति, ब्याच नं., एक्सपाईड हुने मिति, कम्पोजिसन, रिटेल मुल्य आदी केहीपनि नलेखिएको अबस्थामा संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लिको गोदाम कोठामा फेला परेको हो।
- औषधि ब्यबस्था बिभागको Product Specification Standard अन्तर्गत कुनै पनि उत्पादित तयारी औषधि Strip वा Blister आदिमा प्याक गरेर मात्र बजारमा लैजानुपर्ने हुन्छ। कुनै पनि Medicine Product को Quality Control Parameter अन्तर्गत Packing specification, general information आदि उत्पादित औषधिको बाहिर राख्नुपर्ने हुन्छ। औषधी बिज्ञानले स्पष्ट रुपमा भनेको छ – If there is no level that is simply chemical (यदि कुनैपनि औषधिजन्य पदार्थमा लेवल छैन भने त्यो सामान्यतया कच्चा पदार्थ (Chemical) हो त्यसलाई औषधि भन्न मिल्दैन।
- निजले उक्त औषधिजन्य कच्चा पदार्थ Arya Pharmalab Pvt. Ltd का संचालक पवन कुमार संघाईका सहोदर दाजु रतन लाल संघाईको निर्देशनमा उक्त गोदाममा लुकाएर राखेको अनुसन्धानबाट खुलेको छ।निज रतन लाल संघाई तथा पवन कुमार संघाई उक्त प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि का संचालक हुन्।

## ३. रतन लाल संघाई

काठमाण्डौ जिल्ला ईन्द्रचोक ३५ घर बताउने बर्ष ६६ को रतन लाल संघाईलाई मिति २०७३।०४।१५ गते १५:३० बजेको समयमा का.जि का.म.न.पा वडा नं. ३५, कोटेश्वर मुनिभैरवबाट पक्राउ गरिएको छ। बरामद गरिएको औषधिजन्य कच्चा पदार्थहरु संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि को गोदाममा लुकाई राख्नको लागि हाल पक्राउमा परेका दिलिप पण्डितलाई उक्त बरामद कच्चा पदार्थ Arya Pharma Lab का सम्पुर्ण कारोबार हेर्ने मुख्य ब्यक्ति शंकर हलानले दिलिप पण्डितलाई आदेश दिएको खुल्न आएको छ। उक्त प्लाष्टिक ईण्डष्ट्रिजका म्यानेजर हर्षित मिस्रलाई समेत रतन लाल संघाईले उक्त औषधिजन्य कच्चा पदार्थहरु राख्न दिनको लागि निर्देशन दिएको अनुसन्धानबाट खुलेको छ।

**४. श्याम तामाङ मोक्तान र बद्रि वन**

पक्राउमा परेका दिलिप पण्डितको बयानको आधारमा मिति २०७३।०४।१३ गते १४:००बजे का.जि का.म.न.पा ९ सिनामंगल बस्ने बर्ष ४३ को बद्री बनलाई का.जि का.म.न.पा ९ सिनामंगलबाट तथा जिल्ला झापा, मेची नगरपालिका वडा नं. -१० काँकडभिट्टा बस्ने बर्ष ४६ को श्याम तामाङ मोक्तानलाई का.जि का.म.न.पा १४ कलंकीबाट पक्राउ गरिएको छ। निजहरु लामो समय देखि औषधिजन्य कच्चा पदार्थ तथा Ephedrine / Pseudoephedrine सहायक रसायन (precursor chemical) को अबैध ओसारपसारमा संलग्न रहदै आएको अनुसन्धानबाट खुल्न आएको छ।

निजहरुले यस अघि पनि Arya Pharmaceutical का दिलिप पण्डित समेत संग मिली दुई ड्रम ( २५ kg*२) = ५० के.जी. Pseudo Ephedrine काँकडभित्ता पुऱ्याई काँकडभित्तामा रहेका नेपाल तर्फको गेट पार गराई एक भारतीय मुलको ब्यक्तिलाई जिम्मा लगाएको खुल्न आएको छ।

Ephedrine/ Pseudoephedrine सहायक रसायन (Precursor Chemical) तथा यो सहायक रसायन मिस्रित औषधि बिगत लामो समय देखि नै नेपालबाट तस्करी भई चिन, भारत तथा बर्मा जाने गरेको थियो।

निजहरुलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम थप अनुसन्धान भैरहेको छ।

## नोट:-

- मिति २०६९।११।०२ गते ई प्र का बाह्रबिसे सिन्धुपाल्चोकले ग्यालटासी तामांगलाई १ के.जि औषधीजन्य पदार्थ सहित कारमा फल्स बटम बनाई लुकाई छिपाई चिन तस्करी हुने क्रममा पक्राउ गरी लागु औषध नियन्त्रण ऐन २०३३ अन्तर्गत मुद्दा दायर गरेकोमा जिल्ला अदालत सिन्धुपाल्चोकको मिति २०७०।१०।०७ गतेको फैसलाले २ बर्ष कैद र १ लाख रुपैया जरीवाना तोकिएको थियो।
- मिति२०७०।०७।०७ गते ला.औ.नि ब्यूरोद्वारा अनुसन्धान गरिएको १५ के.जि.औषधीजन्य पदार्थ सम्बन्धि मुद्दाको अनुसन्धानको क्रममा पक्राउ गरीएका चिनिया नागरिकहरू Passport No.: E30108559-46 बाहक Yang Chengquan, Passport No.: G 54745733-41 बाहक Yang Muchang तथा Passport No.: 35272219 बाहक Zheng Xu Ming लाई जिल्ला अदालत काठमाण्डौबाट धरौटी रकम माग भएको थियो।
- चीन तर्फ तस्करी हुने क्रममा बरामद भएको सो १५ के.जि.औषधी चीनमा Amphetamine/ Methamphetamine बनाउनको निम्ति आवश्यक सहायक रसायन (Precursor Chemical) Ephedrine/Pseudoephedrine को लागि तस्करी हुन लागेको अनुसन्धानको क्रममा खुलेको थियो।

•••


लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL






PA - SECTION






रतन लाल संघाई
संघाई पलाष्ट्रिक इन्ड्रष्ट्रिज प्रा.लि



दिलिप पण्डित
(Arya Pharmalab Pvt.Ltd )
Staff



मोहित हलान
( Arya Pharmalab )
२०७३।०४।१२ गते
बारा, गढीमाई-७ बाट पक्राउ तथा वरामद

